छायाँनाथ रारा नगरपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः ९ संख्याः ७ २०८२ चैत्र ९ गते


भाग-२

छायाँनाथ रारा नगरपालिका, मुगुको

सूचना

छायाँनाथ रारा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## छायाँनाथ रारा नगरपालिका आकस्मिक कोष, मर्मत सम्भार तथा पुननिर्माण कोष तथा आर्थिक सहायता वितरण कोषबाट कार्यक्रम सञ्चालन तथा सहायता वितरण मापदण्ड, २०८२

**आकस्मिक कोष, मर्मत सम्भार तथा पुननिर्माण कोष तथा आर्थिक सहायता वितरण कोषबाट कार्यक्रम सञ्चालन तथा सहायता वितरण मापदण्ड, २०८२**

**प्रमाणित मिति**

२०८२/०९/१६

**प्रकाशित मिति**

२०८२/१२/०९

संवत् २०८२ सालको मापदण्ड नं. १

आकस्मिक कोष, मर्मत सम्भार तथा पुननिर्माण कोष तथा आर्थिक सहायता वितरण कोषबाट कार्यक्रम सञ्चालन तथा सहायता सम्बन्धमा व्यवस्था गर्न बनेको मापदण्ड

**प्रस्तावनाः** नगर विपद जोखिम न्यूनिकरण र व्यवस्थापन सम्बन्धी ऐन, २०८२ को दफा २८ ले दिएको अधिकार प्रयोग गरी विपद व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०८२ को दफा ४ को उद्देश्य पुरा गराउन, ऐ.ऐ. को दफा ९ बमोजिम राहत सहायता वितरण गराउन र छायाँनाथ रारा नगरपालिकाको मर्मत संभार तथा पुननिर्माण कोष सञ्चालन कार्यविधि, २०८२ को दफा ३ बमोजिमको उद्देश्य पुरा गराउन छायाँनाथ रारा नगरपालिकाले यो मापदण्ड बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम छायाँनाथ रारा नगरपालिका "आकस्मिक कोष, मर्मत सम्भार तथा पुननिर्माण कोष तथा आर्थिक सहायता वितरण कोषबाट कार्यक्रम सञ्चालन तथा सहायता वितरण मापदण्ड, २०८२" रहेको छ।

(२) यो कार्यविधि छायाँनाथ रारा नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात छायाँनाथ रारा नगरपालिका भित्र लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,-

(क) "ऐन" भन्नाले छायँनाथ रारा नगरपालिकाको नगर विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७५ लाई सम्झनुपर्छ।

(ख) "कोष" भन्नाले छायाँनाथ रारा नगरपालिकाको मर्मत सम्भार तथा पुननिर्माण कोष तथा आर्थिक सहायता कोष सम्झुनपर्छ। साथै नगर विपद जोखिम न्यूनिकरण र व्यवस्थापन सम्बन्धी ऐन, २०७५ को दफा १३ बमोजिमको विपद् व्यवस्थापन कोष समेतलाई जनाउदछ।

(ग) "मर्मत सम्भार तथा पुनर्निमाण" भन्नाले बाढी, पहिरो, नदि कटान र भुकम्पबाट क्षति भएका संरचनाको मर्मत सम्भार तथा पुनर्निमाण सम्झनुपर्छ।

(घ) "विपद" भन्नाले बाढी, पहिरो, जल उत्पन्न प्रकोप र भुकम्प सम्झुनपर्छ।

(ङ) "आसस्मिक मर्मत सम्भार" भन्नाले कुनै मेसिन, उपकरण वा भौतिक संरचना अचानक बिग्रिएर सेवा ठप्प भएपछि वा ठूलो क्षति हुने अवस्था सिर्जना भएपछि गरिने तत्काल सुधारको कार्यलाई सम्झनुपर्छ।

(च) "प्रभावित व्यक्ति" भन्नाले विपद्को घटनाबाट परिवारका सदस्य गुमाएको, शारीरिक वा मानसिक समस्या उत्पन्न भएको, घर, जग्गाजमिन, पशुपन्छी, खाद्यान्न, लत्ताकपडा तथा अन्य सम्पत्तीमा आंशिक वा पूणरूपमा नोक्सानी पुगेको वा विपद्का कारण अन्य कुनै तरिकाबाट प्रभावित भएको व्यक्तिलाई सम्झनुपर्छ।

(छ) "राहत" भन्नाले विपद् प्रभावित व्यक्तिलाई उपलब्ध गराईने नगद तथा वस्तुगत सहायता सामाग्री समेत सम्झनुपर्छ।

## परिच्छेद-२
## कोषको खर्च सम्बन्धी मापदण्ड

३. **आकस्मिक कोषबाट खर्चः** (१) देहाय बमोजिमको मापदण्डको आधारमा आकस्मिक कोषबाट खर्च गरिनेछ।

**(क) उद्धार तयारी तथा व्यवस्थापन**

(१) प्राकृतिक प्रकोपका घटनाहरुमा उद्धार तथा राहतको मुख्य जिम्मेवारी नगर कार्यपालिका अन्तरगत निर्मित वातावरण तथा विपद व्यवस्थापन समितिको रहने छ।

(२) वातावरण तथा विपद व्यवस्थापन समितिले खोज तथा उद्धारको लागि आवश्यक सामग्रीको भण्डारणको व्यवस्था गरी जुनसुकै क्षेत्रमा प्रकोप आएका वखत आवश्यकता अनुसार तत्काल राहत उपलब्ध पुर्‍याउने व्यवस्था मिलाउने। यसका लागि खोज तथा उद्धार सामग्री नगरपालिका तया वडास्तरमा भण्डारणको व्यवस्था गर्ने।

(३) स्थानीय स्तरका प्रकोपको प्रकृतिको पहिचान गरी सो बाट पीडितहरुको खोजी र उद्धार गर्ने कार्यको लागि दक्ष र तालिम प्राप्त जनशक्ति विकास गर्दै जानको लागि वातावरण तथा विपद व्यवस्थापन समितिले आवश्यक योजना तर्जुमा गरी नगर कार्यपालिकामा पेश गर्ने। तालिम प्राप्त जनशक्तिको र प्रकोपको समयमा राहतको छरितो व्यवस्थाको लागि र उद्धार सामग्रीहरुको लगत अद्यावधिक गर्नुका साथै आपतकालिन खाद्यान्न एवं लत्ताकपडाका भण्डारणको व्यवस्था गर्ने।

(४) खोज र उद्धारको लागि चौधौं वटै वडाहरुमा वातावरण तथा विपद व्यवस्थापन समिति मातहतमा खोज र राहत उद्धार सामग्रीहरुको भण्डारण गरी राख्ने व्यवस्था मिलाउने।

(५) सामाजिक एवं गैरसरकारी संघ संस्थाहरुको समेत सहयोग लिई प्रकोप व्यवस्थापन सम्बन्धि जनचेतना अभिवृद्धि गर्ने काम नगरपालिका तथा वडास्तरमा गर्ने।

(६) प्रकोपको समयमा विस्थापित परिवारहरुलाई सुरक्षित स्थानमा राखी शिविर संचालन गर्ने वातावरण तथा विपद व्यवस्थापन समितिले सम्भव भएसम्म विद्यालय, स्वास्थ्य केन्द्र बाहेक पहिचान गरिएको खुला क्षेत्रहरु प्रयोग गर्ने।

(७) खोज तथा उद्दारका लागि आउने केन्द्र प्रदेश अन्य स्थानीय तह तथा स्वदेशी तथा विदेशी टोलीलाई सहयोग गराउने तथा समुचित प्रबन्ध वातावरण तथा विपद व्यवस्थापन समितिले गर्ने।

**(ख) राहत तथा उद्दारः**

(१) रकम उपलब्ध गराउँदा वातावरण तथा विपद व्यवस्थापन समितिको सिफारिसमा नगर कार्यपालिकाको निर्णयबाट उपलब्ध गराउने वा नगर कार्यपालिकाले आवश्यकता अनुरूप अतियार प्रत्यायोजन गरेको व्यक्ति वा समितिबाट गर्ने,

(२) प्रकोपका घटनामा परी कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने राहत स्वरुप प्रति मृतक रू. ३५,०००/-(अक्षरेपी पैतिस हजार रूपैया मात्र) सम्मका दरले मृतकका परिवारलाई सहयोग उपलब्ध गराउने।

(३) विपदको कारणले वसोवास गर्दै आइरहेको कुनै पनि व्यक्तिको घर पूर्ण रुपमा नष्ट वा विस्थापित भई तत्काल जीवन गुजारा चल्न सक्ने अवस्था नरहेको खण्डमा पूर्णरूपमा क्षति भएको घरको पुर्ण विवरण तथा प्रहरी मुचुल्का समेतको आधारमा अधिकतम रू. ५,००,०००/- (अक्षरेपी पाँच लाख रूपैयाँ) सम्म राहत उपलब्ध गराउन सक्ने, आंशिक नष्ट भएमा अधिकतम ५०,०००/- (अक्षरेपी पाँचास हजार रुपैया) सम्म (पशु चौपाया समेतको गोठ समेत) राहत सहयोग उपलब्ध गराउने। लगाएको खाद्यान्न बाली तथा उब्जाउमा जग्गा, जमिन वा पसल व्यवसाय समेत प्रकोपमा परी ठूलो क्षती भएको खण्डमा अधिकतम १०,०००/- (अक्षरेपी दश हजार रूपैया सम्म) राहत सहयोग उपलब्ध गराउने।

(४) प्रकोपका घटनामा परि घाइते हुनेहरूलाई सरकारी अस्पतालमा उपचार गराउँदा अस्पतालबाट घर जान आर्थिक सहयोग स्वरूप प्रतिव्यक्ति अधिकतम रू. २,०००/- (अक्षरेपी दुई हजार रूपैया) सम्म यातायात खर्च दिने।

तर गैर प्राकृतिक विपद्को हकमा मदिरा सेवन गरेको तथा न्यूनतम सावधानी नअपनाइएको भनी प्रहरी वा स्वास्थ्य संस्थाको मुचुल्काबाट देखिन आएमा राहत उपलब्ध गराइने छैन।

(२) खण्ड (ख) अनुसार उल्लेखित सहायताका लागी नगर प्रमुख समक्ष दिनेदन पर्न आएमा नगर प्रमुखको तोक आदेश अनुसार भुक्तानी गरी पछि नगर कार्यपालिकाबाट अनुमोदन गराउने।

४. **मर्मत सम्भार तथा पुननिर्माण कोषबाट खर्चः** (१) देहाय बमोजिमको मापदण्डको आधारमा मर्मत सम्भार तथा पुननिर्माण कोषबाट खर्च गरिनेछ।

(क) सर्वसाधारणको दैनिक जीवनयापनमा महत्वपूर्ण प्रभाव पार्ने र तत्कालै निर्माण गर्न आवस्यक भौतिक पूर्वाधार निर्माण कार्यको लागि नगर प्रमुखको तोक आदेशमा वितरण गरी नगर कार्यपालिकाबाट अनुमोदन गराउने,

(ख) प्राकृतिक वा गैर प्राकृतिक कारणबाट क्षति भएका भौतिक संरचना, सार्वजनिक सम्मत्तिहरुको मर्मत संभार तथा पुननिर्माण गर्ने,

(ग) प्राकृतिक प्रकोपको अत्यधिक जोखिम क्षेत्रमा रहेका घरपरिवारलाई सम्भावित खतराबाट जोगिन यन्यत्र सर्नुपर्ने वा विस्थापित भई सुरक्षित स्थानमा नयाँ आश्रयस्थल निर्माण गरी व्यवस्था गर्नुपर्ने अवस्थाका परिवारलाई अधिकतम रू. २०,०००/- (अक्षरेपी बीस हजार रुपैया) सम्म आर्थिक सहयोग उपलब्ध गराउने। यस्तो सहयोग वातावरण तथा विपद व्यवस्थापन समितिले आवश्यक छानविन गरी पेश गरेको प्रतिवेदनको आधारमा नगर कार्यपालिकाको बैठकबाट निर्णय गराएर मात्र दिने।

(घ) जनताका समस्या सामाधान गर्ने खालका साना र मझौला योजना सञ्चालन गर्ने,

(ङ) खण्ड (घ) बमोजिमको उल्लेखित उद्देश्य पूर्तिका लागी समुदाय वा उपभोक्ता समिति गठन भई साना तथा मझौला किसिमका योजना मागका लागी नगर प्रमुख समक्ष निवेदन पर्न आएमा सम्बन्धीत वडा अध्यक्षको सिफारिसमा रू. ५०,०००/- (अक्षरेपी पचास हजार रूपैया) देखि रू. ५०,०,०००/- (अक्षरेपी पाँच लाख रूपैया) सम्मको योजना नगर प्रमुखको तोक आदेशानुसार दिन सकिने र उक्त योजना पछि नगर कार्यपालिकाबाट अनुमोदन गराउनु पर्नेछ।

(२) उपदफा (१) मा बमोजिम उल्लेखित सहायताका लागी नगर प्रमुख समक्ष दिनेदन पर्न आएमा नगर प्रमुखको तोक आदेश अनुसार भुक्तानी गरी पछि कार्यापलिकाबाट अनुमोदन गराउने।

५. <u>आर्थिक सहायता कोषवाट खर्चः</u> (१) देहाय बमोजिमको मापदण्डको आधारमा आर्थिक कोषबाट खर्च गरिनेछ।

(क) गैर प्राकृतिक कारणले घटेका अकल्पनीय दुर्घटनाहरुमा परी ज्यान गुमाएकाहरुको परिवार, अंगभंग भएका पीडित तया दुर्घटनाको कारणबाट दीर्घरोगी भएकाहरुलाई घटना प्रकृतिको गम्भीरताका आधारमा रु. ५०,०००/- (अक्षरेपी पचास हजार रुपैया) सम्म राहत सहयोग उपलब्ध गराउन सकिने। साथै (Cancer, Liver Damage, Kidney Damage (Transplant), Brain Tumor, Heart Related Diseases, Spinal Cord) तथा गम्भिर रोग लागेर आफू पूर्ण रुपमा असक्त भइ दोस्रो व्यक्ति माथि आश्रीत हुने गरी रोग लागेमा उपचारार्थ गम्भीरताका आधारमा रु. ५०,०००/- (अक्षरेपी पचास हजार रुपैया) सम्म राहत सहयोग उपलब्ध गराउन सकिने।

(ख) गर्भवती अवस्थामा रहेका महिलाहरुको प्रतिकार्य मुगु जिल्ला स्वास्थ्य संस्थाहरुमा हुन नसकी तत्काल अन्य स्थानमा लैजानको लागि अन्य यातायातका साधन उपलब्ध नभई हवाइ माध्यमबाट लैजानु पर्ने अवस्थामा गर्भवति महिलालाई यातायात खर्च वापत रु. २०,०००/- (अक्षरेपी बिस हजार रुपैया) सम्म राहत सहयोग उपलब्ध गराउन सकिने।

(ग) अति विपन्न तथा गरिव घर परिवारका लागी औषधि उपचार गर्नका लागी अवस्था हेरी अधिकतम रू. ५०,०००/- (अक्षरेपी पचास हजार रूपैया) सम्म आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ।

(घ) उपदफा (१) बमोजिम उल्लेखित सहायताका लागी नगर प्रमुख समक्ष दिवेदन पर्न आएमा नगर प्रमुखको तोक आदेश अनुसार भुक्तानी गरी पछि नगर सभाबाट अनुमोदन गराउने।

६. <u>**सूचना व्यवस्थापन अनुगमन मुल्याङ्कनः**</u> (१) विपद्, आपतकालीन कार्य, प्रकोप पीडित उद्वार एवं राहत व्यवस्थापनको मूल्याङ्कन देहाय बमोजिम गर्नु पर्नेछ।

(क) नगरपालिकाको वेभसाइटमा विपद व्यवस्थापन सम्बन्धि पोर्टल व्यवस्था गर्ने।

(ख) नगरपालिकामा आपतकालिन कार्य सञ्चालन वातावरण तथा विपद व्यवस्थापन समितिले तथा वडामा वडा समितिने तथ्याङ्क अद्यावधिक गर्ने र वार्षिक रुपमा प्रकाशन सरी सार्वजनिक गर्ने।

(ग) नगरपालिकाको वातावरण तथा विपद व्यवस्थापन समितिले का वडा समितिले प्रकोप व्यवस्थापनका क्षेत्रमा गरेका कामहरुको आवश्यकता अनुसार सुपरीवेक्षण गर्न टोली खटाई बड़ा प्रतिवेदन लिने।

(घ) प्रकोप पीडित, उद्दार एवं राहत व्यवस्थापन कार्यमा विशेष सक्रियतापूर्वक कार्य गर्ने समाजसेवी, राजनीतिक व्यक्ति, व्यवसायी, सामाजिक संस्था एवं राष्ट्रसेवक कर्मचारीहरुलाई वातावरण तथा विपद व्यवस्थापन समितिको सिफारिसमा नगर कार्यपालिकाले उचित सम्मान एवं पुरस्कारको व्यवस्था मिलाउने।

## परिच्छेद-३
## <u>विविध</u>

७. प्रकोपको समयमा पीडित परिवारलाई सुरक्षित स्थानमा राखी शिविर संचालन गर्नुपर्ने अवस्था भए वातावरण तथा विपद व्यवस्थापन समितिले तत्काल नगर कार्यपालिकाको कार्यालय, जिल्ला प्रशासन कार्यालय, प्रदेश तथा तथा केन्द्र सरकारसँग सम्पर्क गरी आवश्यक व्यवस्था मिलाउने।

८. प्रकोपमा परी खाद्यान्न वा थप आर्थिक सहायता उपलब्ध गराउनु पर्ने परिवारका परिवार संख्या समेत खुलेको लगत घटना हुने वित्तिकै नगर कार्यपालिकाको कार्यालयमा पठाउने।

९. पीडितलाई राहत वितरण गर्दा विपद तथा वातावरण समिति वा नगरपालिका कार्यालयबाट राहत उपलब्ध गराउने। यसरी राहत वितरण गर्दा सम्भव भएसम्म नगरपालिकाका जनप्रतिनिधिको उपस्थितिमा वितरण गर्नुपर्नेछ। साथै विशेष परिस्थितिको सिर्जना भएको अवस्थामा पप सहायता उपलब्ध गराउनु पर्ने देखिएमा वातावरण तथा विपद व्यवस्थापन समितिले नगर कार्यपालिकालाई जानकारी गराई कार्यपालिका मार्फत प्रदेश तथा केन्द्र सरकार तथा सरोकारित गैरसरकारी संस्थाहरुसँग सहयोग आह्वान गर्ने।

१०. प्रकोपका पीडितहरुलाई पुनःस्थापन तथा पुन निर्माणका लागि प्रचलित नीति तथा कानुन बमोजिम सरोकारित निकायहरुसँग समन्वय गरी सहुलियत दरमा काठ उपलब्ध गराउनको लागि पहल गर्ने।

११. भूकम्प, वाडी-पहिरो, नागलागि, अमिनापानी हुरी बतास, चटयाङ्ग, शितलहर, हिमपातका साथै प्रजकोपका कारणबाट भएको हवाई, सड़क एवं डुङ्गा दुर्घटनाबाट प्रभावित पीडितहरुलाई मात्र राहत सहयोग उपलब्ध गराउने।

१२. राहत तथा उद्दार कार्य सञ्चालनलन गर्नुपर्ने विशेष परिस्थितिमा विविध खर्चका लागि रू. ५,०००/- (अक्षरेपी पाँच हजार रुपैया) वातावरण तथा विपद व्यवस्थापन समितिको सिफारिसमा कार्यपालिकाको निर्णयानुसार नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतले खर्च गर्न सक्ने।

१३. निर्धारित मापदण्ड बमोजिम राहत उपलब्ध गराउँदा वातावरण तथा विपद व्यवस्थापन समितिले घटना भएको तीस दिन भित्र सूचना प्राप्त भएको घटनाका लागि मात्र राहत उपलब्ध व्यवस्था गर्ने।

१४. **<u>अभिलेख राख्ने</u>:** (१) समितिले कोष परिचालन सम्बन्धमा गरेको निर्णय र अन्य काम कारवाहीको अभिलेख दुरुस्त राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अभिलेख समितिको सदस्य-सचिवको जिम्मामा रहनेछ ।

(३) उपदफा (१) बमोजिमको अभिलेख सरोकारवाला कुनै व्यक्ति वा संस्थाले माग गरेमा निजलाई नियमानुसार त्यस्तो अभिलेख उपलब्ध गराईनेछ।

१५. **<u>संशोधन</u>:** (१) यस मापदण्डमा संशोधन गर्न आवश्यक देखिएको खण्डमा नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ।

१६. **<u>बचाउ</u>:** यस मापदण्डको उद्देश्य तथा बिषय क्षेत्रमा प्रचलित कानून बमोजिम यस अघि भएका कार्यहरू यसै मापदण्ड वमोजिम भएको मानिनेछ।

१७. **<u>बाधा अडकाऊ फुकाउने</u>:** (१) यस मापदण्ड प्रयोग कार्यान्वयन तथा सञ्चालन गर्ने कार्यमा कुनै बाधा अडकाउ परेकोमा नगरपालिकाको कार्यपालिकाले बाधा अडकाउ फुकाउने छ।

१८. **<u>खारेजी</u>:** देहायका मापदण्ड खारेज गरिएको छ।

(क) आकस्मिक कोष, मर्मत सम्भार तथा पुनर्निर्माण कोष तथा आर्थिक सहायता वितरण कोषबाट कार्यक्रम सञ्चालन तथा सहायता वितरण मापदण्ड, २०७४

(ख) मर्मत सम्भार तथा पुनर्निर्माण कार्यक्रम र राहत तथा आर्थिक सहयोग कार्यक्रमबाट कार्यक्रम सञ्चालन तथा सहायता वितरण मापदण्ड, २०७४

प्रमाणित मितिः २०८२-०९-१६

**आज्ञाले,**
पूण्य प्रभा देवकोटा
नि. प्रमुख प्रशासकीय अधिकृत